निःशुल्क सीप सिकौं आत्मनिर्भर बनौं

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**
पोखरा, नेपाल

प.सं. :०८३/८४

फोन नं. ०६१-४५०५११
ईमेल:vsdtc12@gmail.com

## निशुल्क : रुपमा व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन हुने सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति:२०८३/०६/०६)**

यस व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, पोखरा १७, बिरौटा केन्द्रबाट चालु आ.व. २०८३/८४ मा सञ्चालन गरिने देहाय अनुसारको सीप विकास तालिमहरु निःशुल्क रुपमा यस केन्द्रद्वारा सञ्चालन गरिने हुँदा तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले प्रथम पटक प्रकाशित भएको सूचनाको मितिले २१ दिन (२०८३/०६/२७) भित्र रित पूर्वकको आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, पोखरामा संचालन गरिने निःशुल्क तालिमहरु :-**

| क्र.सं. | तालिमको नाम | आवश्यक संख्या | तालिमको अवधि | आवेदकको उमेर | शैक्षिक योग्यता | अन्तर्वार्ता हुने मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | कुक | प्रत्येक समूहमा २० जनाको दरले | ३ महिना (३९० कार्यघण्टा) | १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको | एस.ई.ई. उत्तिर्ण | कार्तिक १० गते बिहान ९:३० बजे |
| २. | कपाल काट्ने (सैलुन) | | | | कक्षा ८ उत्तिर्ण | कार्तिक ११ गते बिहान ९:३० बजे |
| ३. | आधारभूत केश श्रृङ्गार (ब्यूटी पार्लर) | | | | कक्षा ८ उत्तिर्ण | कार्तिक १२ गते बिहान ९:३० बजे |
| ४. | प्लम्बिङ्ग | | | | कक्षा ८ उत्तिर्ण | कार्तिक १३ गते बिहान ९:३० बजे |
| ५. | विद्युत जडान | | | | कक्षा ८ उत्तिर्ण | कार्तिक १३ गते दिउँसो १ बजे |
| ६. | मोवाईल मर्मत | | | | कक्षा ८ उत्तिर्ण | कार्तिक १६ गते बिहान ९:३० बजे |
| ७. | आधारभूत कम्प्यूटर | | | | एस.ई.ई. उत्तिर्ण | कार्तिक १६ गते दिउँसो १ बजे |
| ८. | आधारभूत कटाई सिलाई | | | | कक्षा ८ उत्तिर्ण | कार्तिक १७ गते बिहान ९:३० बजे |
| ९ | बुटिक डिजाईन | | | | कक्षा ८ उत्तिर्ण | कार्तिक १८ गते बिहान ९:३० बजे |
| १०. | जुत्ता चप्पल बनाउने | | | | कक्षा ८ उत्तिर्ण | कार्तिक १८ गते दिउँसो १ बजे |
| ११. | मोटरसाईकल मर्मत | | | | कक्षा ८ उत्तिर्ण | कार्तिक १९ गते बिहान ९:३० बजे |
| १२. | अटोमोबाईल मर्मत | | | | कक्षा ८ उत्तिर्ण | कार्तिक १९ गते दिउँसो १ बजे |
| १३. | मन्टेश्वरी | | | | कक्षा १२ उत्तिर्ण | कार्तिक २० गते बिहान ९:३० बजे |

**आवेदन फाराम साथ संलग्न राख्नुपर्ने कागजातहरु :**

१. प्रशिक्षार्थी आवेदन फाराम भर्न नेपाली नागरिकताको प्रतिलिपि, १ प्रति फोटो र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि मिति २०८३/०६/२७ गते भित्र अनलाईन माध्यमबाट वा यस केन्द्रमा नै उपस्थित भई आवेदन फाराम पेश गर्नुपर्नेछ ।

२. दलित, शहिद परिवार, विपन्न, द्वन्द्व पिडित, बैदेशिक रोजगारबाट फर्किएका र एकल महिलालाई बिशेष प्राथमिकता दिइनेछ।

३. तालिम लिन ईच्छुक उम्मेद्वारको उमेर १८-४५ वर्ष भित्रको हुनुपर्ने तथा प्रशिक्षार्थी छनौट अन्तर्वार्ताद्वारा गरिनेछ ।

४. तालिम संचालनका लागि आवश्यक तालिम सामाग्री, तालिम उपकरण र सम्बन्धित विषयको प्रशिक्षक कार्यालयबाट उपलब्ध गराईनेछ।

५. उपरोक्त तालिमहरुमा तोकिएका आवेदकहरुको संख्या नपुगेमा तालिम संचालन गर्ने, नगर्ने अधिकार केन्द्रमा निहित हुनेछ ।

६. यस तालिम केन्द्रबाट एउटा तालिम लिइसकेको प्रशिक्षार्थीले २ वर्षसम्म तालिम सँग सम्बन्धित तालिम बाहेक पुन: अन्य तालिमको लागि आवेदन दिन पाइने छैन ।

७. थप जानकारीको लागि कार्यालय / सूचना अधिकारी (०६१-४५०५११/ ९८५६०६४५११) मा सम्पर्क गर्न सकिनेछ ।

नोट :फाराम यस केन्द्रको **website :** https://vsdtc.gandaki.gov.np/ वा तल दिईएको **QR CODE** प्रयोग गरी जुनसुकै स्थानबाट पनि भर्न सकिनेछ।

अनिल सुवेदी
(केन्द्र प्रमुख)